नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा राय सुझाव पठाउने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः- २०८२/११/०१)

नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई समयानुकूल संशोधन तथा अद्यावधिक गर्ने उद्देश्यले “नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक” को मस्यौदा तर्जुमा गरिएको छ। उक्त विधेयकको मस्यौदामा सम्बन्धित सरोकारवाला निकाय तथा व्यक्तिहरूबाट राय तथा सुझाव प्राप्त गर्ने प्रयोजनका लागि विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रावधान बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

यस मस्यौदा सम्बन्धमा कुनै राय, सुझाव वा टिप्पणी भएमा, यो सूचना प्रकाशन भएको मितिले ७ **(सात)** दिनभित्र अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको इमेल ठेगानाः **fsmd@mof.gov.np** मा प्राप्त हुने गरी पठाइदिनुहुन अनुरोध गरिन्छ। साथै, विधेयकको मस्यौदा यस मन्त्रालयको वेबसाइट www.mof.gov.np बाट समेत प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

(क) विधेयक तर्जुमा गर्नुको कारण (समस्या र आवश्यकताको औचित्य)

केन्द्रिय बैंकको उद्देश्य र कार्यलाई केन्द्रिय बैंकको भूमिका सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य अवधारणा बमोजिम तादम्यता कायम गर्न, केन्द्रिय बैंकको कार्यसम्पादनमा थप स्वयत्तता प्रदान गर्न, नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय तथा नियमन कार्यलाई थप प्रभावकारी बनाउन र आर्थिक वर्ष २०८२/०८३ को बजेट बक्तव्य, नेपाल राष्ट्र बैंकको चौंथो रणनीतिक योजना (२०२२—२०२६) तथा मौद्रिक नीतिमा उल्लेख भए बमोजिम नेपाल राष्ट्र बैंक ऐनमा समयानुकूल परिमार्जन तथा संशोधन गर्न आवश्यक भएको।

वर्तमान आर्थिक तथा वित्तीय परिवेशअनुरूप ऐनलाई अद्यावधिक गर्न आवश्यक देखिएका मुख्य विषय निम्नानुसार रहेको छ।

- केन्द्रीय बैंकको स्वायत्तता सुदृढीकरण
- केन्द्रीय बैंकको उद्देश्य र कार्यक्षेत्रमा थप स्पष्टता
- डिजिटल बैंक तथा डिजिटल मुद्राको अवधारणा ग्रहण र नियमन
- जोखिममा आधारित सुपरिवेक्षण प्रणालीको प्रवर्द्धन
- मुद्रास्फीति नियन्त्रणसम्बन्धी व्यवस्थाको सुदृढीकरण
- संघीय संरचनाअनुरूप नेपाल राष्ट्र बैंकको भूमिका मिलान
- अन्तर्राष्ट्रिय लेखा मापदण्डअनुरूप वासलात तथा प्रतिवेदन प्रणालीको आधुनिकीकरण
- बैंक तथा वित्तीय संस्थाको फरफारख (Resolution) सम्बन्धी व्यवस्थामा थप स्पष्टता

(ख) मौलिक हक तथा मानव अधिकारमा पर्ने प्रभाव

प्रस्तावित संशोधनबाट मौलिक हक तथा मानव अधिकारमा प्रत्यक्ष प्रभाव पर्ने देखिँदैन।

(ग) आर्थिक तथा वित्तीय प्रभाव

यस कानूनको कार्यान्वयनका लागि नेपाल सरकारले प्रत्यक्ष रूपमा कुनै थप आर्थिक वा वित्तीय भार व्यहोर्नुपर्ने अवस्था देखिँदैन। प्रस्तावित संशोधन नेपाल राष्ट्र बैंकको विद्यमान संगठनात्मक संरचना तथा जनशक्ति व्यवस्थापनमार्फत नै कार्यान्वयन हुने भएकाले नयाँ संरचना र अतिरिक्त स्रोत साधन आवश्यक पर्ने नदेखिएको। तसर्थ प्रस्तुत संशोधनबाट थप आर्थिक तथा वित्तीय दायित्व सिर्जना हुने देखिँदैन।

(घ) दिगो विकास लक्ष्य (SDGs) हासिल गर्न पुग्ने सहयोग

नेपाल राष्ट्र बैंक ऐनको समयसापेक्ष संशोधनले देहायका कार्य मार्पत दिगो विकासका लक्ष्य प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

- समावेशी बैंकिङ प्रणालीको प्रवर्द्धन
- डिजिटल भुक्तानी, डिजिटल बैंक तथा डिजिटल मुद्राको व्यवस्थापन

मस्यौदा

- वित्तीय पहुँच विस्तार
- आधुनिक प्रविधिको अवलम्वन र नियमन
- बैंक तथा वित्तीय संस्थाको जोखिम व्यवस्थापनमा थप प्रभावकारिता
- वित्तीय स्थायित्व सुदृढीकरण

जोखिममा आधारित नियमन, उत्पादनशील क्षेत्रमा लगानी प्रवाह र डिजिटल भुक्तानी प्रणालीको व्यवस्थित विस्तार मार्फत दिगो आर्थिक वृद्धि र वित्तीय स्थिरता कायम गर्न सघाउ पुग्नेछ। यसले नेपाल राष्ट्र बैंकको भूमिकालाई थप पारदर्शी र उत्तरदायी बनाउँदै दिगो विकास लक्ष्य प्राप्तिमा प्रत्यक्ष योगदान गर्नेछ।

(ङ) सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव

प्रस्तावित संशोधनले वित्तीय क्षेत्रको नियमन तथा सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्ने देखिन्छ।

- नेपाल राष्ट्र बैंकको कार्यसम्पादनमा थप स्वायत्तता
- आन्तरिक लेखापरीक्षण प्रणालीको सुदृढीकरण
- गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकहरूको नियुक्ति, योग्यता र अनुभवसम्बन्धमा थप स्पष्टता
- सञ्चालकहरूको नियुक्ति सम्बन्धमा सुदृढ व्यवस्था
- लेखापरीक्षण व्यवस्थामा सुधार
- कर्जा सूचना केन्द्रको कार्यक्षेत्र विस्तार

यी व्यवस्थाले वित्तीय सुशासन, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

(च) जलवायु अनुकूलनमा पुग्ने सहयोग

प्रस्तावित संशोधनले जलवायु अनुकूलनमा कुनै प्रतिकूल असर पर्ने देखिदैन। डिजिटल बैंकिङ तथा डिजिटल मुद्रा सम्बन्धी व्यवस्थाले नगद कारोबारको प्रयोग घटाई कागजी मुद्रा छपाई, ढुवानी तथा व्यवस्थापनसँग सम्बन्धित वातावरणीय प्रभाव न्यून गर्न सघाउ पुग्ने

मस्यौदा

देखिन्छ। यसबाट वातावरणमैत्री वित्तीय अभ्यासको प्रवर्द्धन भई दिगो तथा हरित अर्थतन्त्रतर्फ अग्रसर हुन थप टेवा पुग्ने अपेक्षा गरिएको छ।

(छ) अन्य आवश्यक विषय

संशोधन प्रस्तावले केन्द्रीय बैंकको संस्थागत क्षमता अभिवृद्धि, नियामकीय क्षमता सुदृढीकरण, प्रविधिमैत्री वित्तीय संरचना तथा अन्तर्राष्ट्रिय अभ्याससँग समन्वय कायम गर्ने उद्देश्य राखेको छ। यसले वित्तीय प्रणालीलाई अधिक पारदर्शी, उत्तरदायी, सुरक्षित तथा दिगो बनाउने दीर्घकालीन आधार तयार हुने देखिन्छ।

मस्यौदा

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) ऐन, २०८२ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ मा संशोधनः** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः–

"(छ) "वित्तीय संस्था" भन्नाले वित्तीय होल्डिङ कम्पनी, कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनको लागि कर्जा दिने वा सर्वसाधारण जनताबाट निक्षेप सङ्कलन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको वित्तीय संस्था वा डिजिटल बैङ्क सम्झनु पर्छ र सो शब्दले विप्रेषण कारोबार गर्ने, भुक्तानी प्रणाली सञ्चालन वा भुक्तानी सेवा प्रदान गर्ने संस्था वा बैङ्कको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वित्तीय संस्था भनी तोकिदिएको संस्थालाई समेत जनाउँछ।"

(२) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः–

"(छ१) "डिजिटल बैङ्क" भन्नाले भौतिक शाखा वा सञ्जाल बिना डिजिटल माध्यमबाट वित्तीय कारोबार सञ्चालन गर्न बैङ्कबाट इजाजत प्राप्त वित्तीय संस्था सम्झनु पर्छ।"

(३) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः–

"(ज) "मुद्रा" भन्नाले करेन्सी, पोस्टल अर्डर, पोस्टल नोट, मनि अर्डर, चेक, ड्राफ्ट, ट्राभलर्स चेक, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र वा क्रेडिट कार्ड सम्झनु पर्छ र सो शब्दले बैङ्कले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य यस्तै प्रकारको मौद्रिक उपकरणलाई समेत जनाउँछ।"

(४) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः–

"(झ) "करेन्सी" भन्नाले नगदको रुपमा चलनचल्तीमा रहेको बैङ्क नोट सम्झनु पर्छ र सो शब्दले सिक्का तथा बैङ्कबाट जारी भएको डिजिटल करेन्सीलाई समेत जनाउँछ।"

(५) खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) "वित्तीय होल्डिङ्ग कम्पनी" भन्नाले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नेपालमा संस्थापित कम्तीमा एक सहायक कम्पनी, संयुक्त उपक्रम वा त्यस्तै अन्य संरचनागत स्वामित्व भएको वाणिज्य बैङ्क वा वित्तीय संस्था सम्झनुपर्दछ।"

(६) खण्ड (य) को सट्टा देहायको खण्ड (य) राखिएको छः—

"(य) "मौद्रिक दायित्व" भन्नाले बैङ्कको वासलातमा रहेको चलनचल्तीमा रहेको करेन्सी र वाणिज्य बैङ्क, वित्तीय संस्था, नेपाल सरकार तथा अन्य संस्थाको बैङ्कमा रहेको निक्षेप सम्झनु पर्छ।"

३. **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को उपदफा (७) मा रहेको "काठमाडौंमा" भन्ने शब्दको सट्टा "काठमाडौं उपत्यकामा" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "शाखा, उपशाखा तथा अन्य" भन्ने शब्दहरू झिकिएका छन्।

४. **मूल ऐनको दफा ४ मा संशोधनः**मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. बैङ्कको उद्देश्यः (१) बैंकको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) मूल्य स्थिरता कायम गर्ने,

(ख) खण्ड (क) मा रहेको उद्देश्यको प्रतिकुल नहुने गरी बैंकिङ्ग तथा वित्तीय क्षेत्र र वाह्य क्षेत्र स्थायित्व कायम गर्ने,

(२) उपदफा (१) बमोजिमको उद्देश्यमा प्रतिकूल प्रभाव नपर्ने गरी बैङ्कले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ ।"

५. **मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को,**

(१) उपदफा (१) को,-

(क) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः—

"(घ) विदेशी मुद्राको विनिमय दर पद्धति र विनिमय दर निर्धारण गर्ने,"

(ख) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः–

"(झ) सुरक्षित, स्वस्थ र प्रभावकारी भुक्तानी तथा फछ्यौट (क्लियरिङ), हिसाब मिलान (सेटलमेन्ट) प्रणालीको स्थापना र प्रवर्द्धन गर्ने, गराउने तथा सो कार्यको नियमन गर्ने,"

(ग) खण्ड (झ१) को सट्टा देहायको खण्ड (झ१) राखिएको छः–

"(झ१) तरलता व्यवस्थापनको निमित्त आवश्यक उपकरणको प्रयोग गर्ने तथा खुला बजार कारोबार सञ्चालन गर्ने,"

(घ) खण्ड (झ१) पछि देहायका खण्ड (झ२), (झ३), (झ४), (झ५), थपिएका छन्ः–

"(झ२) बैङ्किङ्ग तथा वित्तीय सेवामा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्ने,

(झ३) बैङ्किङ्ग तथा वित्तीय प्रणालीमा सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने,

(झ४) समष्टिगत विवेकशील (म्याक्रोप्रुडेन्सियल) नियामकको रूपमा कार्य गर्ने,

(झ५) प्रचलित कानून बमोजिम समस्याग्रस्त बैङ्क वा वित्तीय संस्थालाई नियन्त्रणमा लिने वा रिजोलुशन गर्ने,

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः—

"(२क) यस ऐन र अन्य प्रचलित कानूनको अधीनमा रही बैङ्कले केन्द्रीय बैङ्क सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास तथा मान्यता अनुरुप आफ्नो कार्य सम्पादन गर्न सक्नेछ।"

६. **<u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को, –

(१) उपदफा (१) को,-

(क) खण्ड (ग) मा रहेको "वा" भन्ने शब्द झिकिएको छ।

(ख) खण्ड (घ) मा रहेको "तर आफ्नो कारोबार र व्यवस्था सञ्चालन गर्न वा आफ्नो उद्देश्य पूरा गर्न आवश्यक पर्ने सम्पत्ति भने बैङ्कले प्राप्त गर्न सक्नेछ ।" भन्ने प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(ग) खण्ड (घ) पछि देहायका खण्ड (ङ) र (च) थपिएका छन्ः–

"(ङ) सरकारी वित्त र विकासात्मक कार्य (क्वाजी फिस्कल अपरेसन) सँग सम्बन्धित कार्य गर्ने, वा

(च) नेपाल सरकार, सरकारी स्वामित्वमा रहेको संस्था, सार्वजनिक निकाय, कम्पनी वा अन्य संस्थाको दायित्वको जमानत दिने।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैङ्कले देहायका काम कारबाही गर्नसक्नेछः-

(क) बैङ्क नोट, सिक्का वा असर्फी उत्पादन, विक्री वितरण गर्ने,

(ख) विदेशी मुद्रा खरिद विक्री तथा लगानी गर्ने,

(ग) सुन खरिद विक्री तथा लगानी गर्ने,

(घ) आफ्नो कारोबार र व्यवस्था सञ्चालन गर्न बैंकलाई आवश्यक पर्ने सम्पत्ति प्राप्त गर्ने वा खरिद गर्ने,

(ङ) आफ्ना कर्मचारीलाई कर्जा प्रदान गर्ने।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैङ्कले आफ्नो उद्देश्य प्राप्त गर्न सहयोग गर्ने देहायबमोजिमका काम गर्ने संस्थालाई सो संस्थाको कुल पुँजीको दश प्रतिशत ननाघ्ने गरी ऋण प्रदान गर्ने वा त्यस्ता संस्थाको शेयरमा स्वामित्व प्राप्त गर्न सक्नेछः-

(क) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको धितो मूल्याङ्कन, सञ्चालन र संरक्षण गर्ने,

(ख) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको धितो पुनरसंरचना गर्ने र हस्तान्तरण गर्ने,

(ग) साख मूल्याङ्कन गर्ने,

(घ) साख सूचना आदानप्रदान गर्ने,

(ङ) तथ्याङ्क प्रशोधन गर्ने र सम्प्रेषण गर्ने,

(च) वित्तीय उपकरण मुद्रण गर्ने,

(छ) भुक्तानीको क्लियरिङ्ग गर्ने,

(ज) सम्पत्तिलाई तरल बनाउने,

(झ) सम्पत्ति व्यवस्थापन गर्ने,

(ञ) ट्रष्टिको रूपमा काम गर्ने।"

७. **<u>मूल ऐनको दफा १० मा संशोधनः</u>** मूल ऐनको दफा १० को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) बैङ्कले आफ्नो उद्देश्य प्राप्तिको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सार्वजनिक निकाय वा तिनको एजेन्सी वा निकायसँग आवश्यक समन्वय गर्न सक्नेछ।"

(२) उपदफा (३) मा रहेका "सार्वजनिक निकाय तथा" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक निकाय, सहकारी, उद्योग व्यवसाय तथा" भन्ने शब्दहरु राखिएका छन्।

८. **<u>मूल ऐनको दफा ११ मा संशोधनः</u>** मूल ऐनको दफा ११ को,

(१) उपदफा (१) मा रहेका "बैङ्क सुपरिवेक्षण" भन्ने शब्दहरुको सट्टा "वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नियमन, सुपरिवेक्षण, भुक्तानी प्रणाली" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) बैङ्कले आफ्नो उद्देश्य प्राप्तिको लागि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृतिमा अन्तर्राष्ट्रिय सङ्घ, संस्थासँग ऋण, अनुदान वा प्राविधिक सहायता प्राप्त गर्न सक्नेछ ।"

९. **<u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन्।

मस्यौदा

१०. **<u>मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) दफा २० बमोजिमको योग्यता पुगेका व्यक्तिमध्येबाट छुट्टाछुट्टै क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले नियुक्त गरेका पाँच जना गैह्र कार्यकारी स्वतन्त्र सञ्चालक -सदस्य"

११. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को,-

(१) उपदफा (१) मा रहेका "सिफारिसको आधारमा" भन्ने शब्दहरु पछि "बैङ्कको प्रमुख कार्यकारीको रुपमा" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिम गठित सिफारिस समितिले गभर्नर नियुक्तिको लागि नाम सिफारिस गर्दा दफा २० बमोजिमको योग्यता पुगेका लब्धप्रतिष्ठित व्यक्तिहरु तथा बैङ्कको डेपुटी गभर्नरमध्येबाट तीन जनाको नाम नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।"

१२. **<u>मूल ऐनको दफा १६ मा संशोधनः</u>** मूल ऐनको दफा १६ को उपदफा (२) मा रहेका "बैङ्कका विशिष्ट श्रेणीका अधिकृतहरुमध्येबाट" भन्ने शब्दहरूको सट्टा "बहालवाला डेपुटी गभर्नरको पद रिक्त हुनुभन्दा कम्तीमा एक महिना अगावै बैङ्कको कार्यकारी निर्देशक पदमा कार्यरत रहेका अधिकृतमध्येबाट" भन्ने शब्दहरू राखिएका छन्।

१३. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) नेपाल सरकारले मनासिव देखेमा कार्यकाल समाप्त भएको गभर्नर र सञ्चालकलाई एक पटकको लागि पुनः नियुक्ति गर्न सक्नेछ।"

१४. **<u>मूल ऐनको दफा १९ मा संशोधनः</u>** (१) मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

"१९. <u>सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा:</u> (१) गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा समितिले तोके बमोजिम हुनेछ।

(२) गभर्नर, डेपुटी गभर्नर र सञ्चालकले प्राप्त गरेको त्यस्तो पारिश्रमिक र अन्य सुविधा निज सञ्चालक पदमा वहाल रहँदा सम्म घटाइने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कको कामको सिलसिलामा गभर्नर वैदेशिक भ्रमणमा जानु परेमा नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।"

१५. <u>मूल ऐनको दफा २० मा संशोधनः</u> मूल ऐनको दफा २० को,

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) अर्थशास्त्र, मौद्रिक, बैङ्किङ्ग, वित्तीय, तथ्याङ्क, सार्वजनिक प्रशासन, वाणिज्य, व्यवस्थापन, वाणिज्य कानुन तथा लेखा क्षेत्रमा कुनै मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी व्यावसायिक कार्य अनुभव भएको व्यक्ति ।

<u>स्पष्टीकरणः</u> यस खण्डको प्रयोजनको लागि "कार्य अनुभव भएको व्यक्ति" भन्नाले नेपाल सरकार वा बैङ्कको विशिष्ट श्रेणीको पद वा विश्वविद्यालयको प्राध्यापक वा अन्तर्राष्ट्रिय वित्तीय सङ्घ, संस्थाको कार्यकारी तहको पद वा सो सरहको पदमा कार्य अनुभव भई सो क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको व्यक्ति सम्झनु पर्छ ।"

१६. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ को,-

(१) खण्ड (घ) मा रहेका "पाँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "एक प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) मानसिक सन्तुलन ठीक नभएको व्यक्ति, वा"

(३) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको व्यक्ति।"

(४) खण्ड (छ) पछि देहायको खण्ड (ज) र (झ) थपिएको छः-

"(ज) अर्थ मन्त्रालयको सचिव वाहेक नेपाल सरकार र सार्वजनिक प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारी।

(झ) गभर्नर र डेपुटी गभर्नर वाहेकका सञ्चालकको हकमा बैङ्कमा कार्यरत कर्मचारी अवकाश भएको अवधि तीन बर्ष पुरा नभएसम्म।

१७. <u>मूल ऐनको दफा २२ मा संशोधनः</u> मूल ऐनको दफा २२ को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(२) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) उपदफा (१) बमोजिम पदमुक्त, उपदफा (३) बमोजिम समितिबाट छानबिन वा दफा २३ को उपदफा (१) बमोजिमको जाँचबुझ समिति गठन गर्नुअघि नेपाल सरकारले सम्बन्धित व्यक्तिलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।"

१८. <u>मूल ऐनको दफा २३ मा संशोधनः</u> मूल ऐनको दफा २३ को,-

(१) उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क), खण्ड (क१) र खण्ड (ख) राखिएका छन्ः-

"(क) उच्च अदालतबाट अवकाशप्राप्त मुख्य न्यायाधीशमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(क१) पूर्व गभर्नर मध्येबाट एक जना व्यक्ति - सदस्य

(ख)ऐनको दफा २० बमोजिमको योग्यता पुगेका लब्धप्रतिष्ठित व्यक्तिमध्येबाट नेपाल सरकारले तोकेका एक जना व्यक्ति - सदस्य"

(२) उपदफा (४) मा रहेका "पेश गर्नु पर्नेछ" भन्ने शब्दहरू पछि "र नेपाल सरकारले जाँचबुझ समितिबाट सिफारिस भएको तीस दिनभित्र गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकलाई हटाउने वा नहटाउने सम्बन्धमा निर्णय गर्नेछ" भन्ने शब्दहरू थपिएका छन्।

१९. <u>मूल ऐनको दफा २५ मा संशोधनः</u> मूल ऐनको दफा २५ मा रहेको "सामान्यतया" भन्ने शब्दको सट्टा "कम्तीमा" भन्ने शब्द राखिएको छ।"

२०. <u>मूल ऐनको दफा २७ मा संशोधनः</u> मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः–

"२७. <u>कायम मुकायम भई काम गर्नेः</u> बहालवाला गभर्नरको मृत्यु भएमा, पदबाट राजीनामा दिएमा, यस ऐन बमोजिम पदबाट निलम्बन भएमा, गभर्नर विदेश भ्रमणमा जानु परेमा वा बिदामा बसेमा वा कुनै कारणले गभर्नरले बैङ्कको काम गर्न नसक्ने भएमा गभर्नर पदको कामकाज गर्नेगरी नेपाल सरकारले बैङ्कको वरिष्ठ डेपुटी गभर्नरलाई कायम मुकायम गभर्नरको रुपमा तोक्नेछ।"

२१. <u>मूल ऐनको दफा २८ मा संशोधनः</u> मूल ऐनको दफा २८ को,-

(१) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) समितिको बैठकको अध्यक्षता गर्ने व्यक्ति र कम्तीमा चारजना सञ्चालकको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

तर चारजना सञ्चालकमध्ये दुईजना दफा १४ को खण्ड (घ) बमोजिमको सञ्चालक हुनु अनिवार्य हुनेछ ।"

२२. **<u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः–

"२९. <u>समितिको काम, कर्तव्य तथा अधिकारः</u> (१) बैङ्कको उद्देश्य प्राप्तिको लागि आवश्यक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयनको अनुगमन गर्ने जिम्मा समितिको हुनेछ।

(२) उपदफा (१) मा भएको व्यवस्थामा असर नपर्ने गरी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) मौद्रिक नीति तर्जुमा गर्ने र सोको समीक्षा गर्ने,

(ख) विदेशी विनिमय नीति निर्माण गर्ने र विनिमय दर निर्धारण पद्धति तय गर्ने,

(ग) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नियमन तथा सुपरिवेक्षण सम्बन्धी नीति निर्माण गर्ने,

(घ) वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई इजाजतपत्र जारी गर्ने र त्यस्तो इजाजतपत्र खारेज गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण गर्ने,

(ङ) बैङ्कले नेपाल सरकारलाई प्रदान गर्ने कर्जाको सीमा स्वीकृत गर्ने,

(च) वाणिज्य बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप तथा कर्जाको ब्याज दर सम्बन्धमा आवश्यक नीति निर्माण गर्ने।

(छ) बैङ्क नोट, सिक्का तथा डिजिटल करेन्सी जारी गर्ने सम्बन्धी नीति निर्माण गर्ने,

(ज) बैङ्कको व्यवस्थापन तथा कार्य सञ्चालन सम्बन्धी आवश्यक नीति, नियम, निर्देशन तथा विनियम जारी गर्ने,

(झ) बैङ्कको रणनीतिक योजना निर्माण गर्ने,

(ञ) बैङ्कको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ट) बैङ्कको लेखा सम्बन्धी नीति निर्माण गर्ने,

(ठ) बैङ्कको वार्षिक हिसाब लेखापरीक्षण गर्ने, गराउने, वार्षिक हिसाब स्वीकृत गरी सोको प्रतिवेदन नेपाल सरकारमा पेश गर्ने,

(ड) बैङ्कको आन्तरिक लेखापरीक्षण र वित्तीय प्रतिवेदनको ढाँचा, जोखिम व्यवस्थापन, अनुपालना, सूचना प्रविधि र आन्तरिक नियन्त्रण प्रणालीको नीति निर्माण गर्ने तथा अनुगमन गर्ने,

(ढ) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले कायम गर्नु पर्ने तरलता सम्बन्धी नीति निर्माण गर्ने,

(ण) बैङ्कका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी विनियम स्वीकृत गर्ने, कर्मचारी दरबन्दी निर्धारण तथा कर्मचारी व्यवस्थापन सम्बन्धी नीति स्वीकृत गर्ने,

(त) यस ऐन र बैङ्कले नियमन गर्ने विषयसँग सम्बद्ध कानून संशोधन गर्न आवश्यक देखेमा सोको कारण खुलाई मस्यौदा सहित नेपाल सरकारमा सिफारिस गर्ने,

(थ) आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(द) यस ऐन तथा प्रचलित कानूनद्वारा प्रदान गरिएको अन्य कार्य सम्पादन गर्ने, गराउने।”

२३. **<u>मूल ऐनको दफा ३० मा संशोधनः</u>** मूल ऐनको दफा ३० को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) वाणिज्य बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप तथा कर्जाको ब्याजदर सम्बन्धमा आवश्यक नीति कार्यान्वयन गर्ने।"

(ख) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले प्रवाह गर्नु पर्ने क्षेत्रगत कर्जा नीतिको कार्यान्वयन गर्ने, गराउने।"

(ग) खण्ड (छ) मा रहेका “नीति निर्धारण गर्ने” भन्ने शब्दहरूको सट्टा “नीति कार्यान्वयन गर्ने” भन्ने शब्दहरू राखिएका छन्।

(घ) खण्ड (ज) मा रहेका “नीति निर्माण गर्ने” भन्ने शब्दहरूको सट्टा “नीति कार्यान्वयन गर्ने” भन्ने शब्दहरू राखिएका छन्।

(ङ) खण्ड (द) पछि देहायको खण्ड (ध) थपिएको छः-

"(ध) समितिबाट भएको निर्णय कार्यान्वयन गर्ने, गराउने।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार कार्यान्वयनको क्रममा महत्त्वपूर्ण वा जटिल लागेको विषयमा गभर्नरले दफा ३३ बमोजिमको व्यवस्थापन समिति र विषयगत समितिसँग छलफल गरी निर्णय गर्न सक्नेछ।"

<u>स्पष्टीकरणः</u> यस खण्डको प्रयोजनको लागि "विषयगत समिति" भन्नाले समितिले गठन गरेको नियमन समिति, नीति निर्देशन कार्यान्वयन समिति समेतका विषयगत समिति सम्झनु पर्छ।"

२४. **<u>मूल ऐनको दफा ३३ मा संशोधनः</u>** मूल ऐनको दफा ३३ को,–

(१) उपदफा (४) मा रहेको "समितिमा" भन्ने शब्द झिकी सोही उपदफामा रहेको "प्रतिवेदन पेश गर्नेछ" भन्ने शब्दहरुको सट्टा "कम्तीमा महिनाको एक पटक बैठक बसी प्रत्येक तीन महिनामा समिति समक्ष प्रतिवेदन पेश गर्नेछ।" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।"

२५. **<u>मूल ऐनको दफा ३४ मा संशोधनः</u>** मूल ऐनको दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएको छः–

"३४. <u>लेखापरीक्षण समितिः</u> (१) समितिले आफूप्रति उत्तरदायी हुने गरी देहाय बमोजिमको एउटा लेखापरीक्षण समिति गठन गर्नेछः–

(क) समितिले तोकेको दफा १४ को खण्ड (घ) बमोजिमको एक जना सञ्चालक – संयोजक

(ख) समितिले तोकेको दफा १४ को खण्ड (घ) बमोजिमको एक जना सञ्चालक – सदस्य

(ग) समितिले तोकेको सम्बन्धित विषयको विज्ञ एक जना – सदस्य

(२) बैङ्कको आन्तरिक लेखापरीक्षण विभागले समितिको सचिवालयको रुपमा काम गर्नेछ।

(३) लेखापरीक्षण समितिले मतदान अधिकार नहुने गरी आवश्यकता अनुसार बैङ्कमा कार्यरत कर्मचारी वा बाह्य विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) बैङ्कको आन्तरिक लेखापरीक्षण विभागले उक्त विभागसँग सम्वद्ध काम कारवाहीहरु समावेश भएको प्रतिवेदन लेखा परीक्षण समिति मार्फत बैङ्कको समिति समक्ष पेस गर्नु पर्नेछ।

(५) उपदफा (१) को खण्ड (ग) बमोजिम समितिले विज्ञको नियुक्ति गर्दा दफा २१ बमोजिम अयोग्य नरहेको र मान्यता प्राप्त विश्वविद्यालयबाट लेखा सम्बन्धी विषयमा स्नातकोत्तर उपाधी हासिल गरी वा चार्टर्ड एकाउण्टेन्सीको उपाधी हासिल गरी लेखा र लेखा परीक्षण (एकाउण्टिङ्ग र अडिटिङ्ग) को क्षेत्रमा कम्तिमा दश बर्षको कार्य अनुभव भएको व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ।

तर बैङ्कको सञ्चालक तथा कर्मचारी अवकाश भएको तीन वर्ष पुरा नभएसम्म विज्ञ सदस्यको रुपमा नियुक्ति हुन सक्नेछैन।

२६. **<u>मूल ऐनको दफा ३५ मा संशोधनः</u>** मूल ऐनको दफा ३५ को उपदफा (१) को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) आन्तरिक र बाह्य लेखापरीक्षण प्रतिवेदनमार्फत् प्राप्त भएको सिफारिस कार्यान्वयनको अनुगमन गर्ने,"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) बैङ्कले अपनाएको उपयुक्त जोखिम व्यवस्था कार्यान्वयनको सुपरिवेक्षण गरी आकस्मिक रुपमा देखा परेको गम्भीर प्रकृतिको विषय तत्काल समितिलाई जानकारी गराउने र सुपरिवेक्षणको क्रममा देखिएका कैफियत सम्बन्धी प्रतिवेदन त्रैमासिक रूपमा समितिमा पेश गर्ने।"

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) प्रचलित कानून तथा अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त लेखापरीक्षण मापदण्ड बमोजिम बैङ्कको लेखापरीक्षण सम्बन्धी आवश्यक विनियम वा मापदण्ड बनाई स्वीकृतिको लागि समितिमा पेश गर्ने।"

२७. **<u>मूल ऐनको दफा ३७ मा संशोधनः</u>** मूल ऐनको दफा ३७ को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

मस्यौदा

"(१क) गभर्नर, डेपुटी गभर्नर वा सञ्चालक आफू त्यस्तो पदमा बहाल रहुन्जेलसम्म बैङ्कबाट इजाजतपत्र प्राप्त बैङ्क वा वित्तीय संस्था तथा त्यस्तो बैङ्क वा वित्तीय संस्थाबाट व्यावसायिक कर्जा लिने फर्म वा कम्पनी वा व्यावसायिक संस्था वा सम्बद्ध पक्षको लेखापरीक्षण गर्ने वा अन्य कुनै पनि सेवा प्रदान गर्ने वा स्वार्थ बाझिने कुनै कार्यमा संलग्न हुन पाउने छैन।"

२८. **मूल ऐनको दफा ३९ मा संशोधनः** मूल ऐनको दफा ३९ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः—

"(३) उपदफा (१) बमोजिमको पुँजी घटाइने छैन। नेपाल सरकारले बैङ्कको अनुरोधमा पुँजी वृद्धि गर्न सक्नेछ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) र उपदफा (५) थपिएको छः-

"(४) बैङ्कको लेखापरीक्षण गरिएको वार्षिक वित्तीय विवरणमा उपदफा (१) बमोजिमको पुँजी घट्न गएमा सञ्चालक समितिले पुँजी पुनर्स्थापना गर्न नेपाल सरकारलाई अनुरोध गर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुरोध भई आएमा नेपाल सरकारले उक्त रकम नगद वा प्रचलित व्याजदरमा जारी गरिएको सम्झौतायोग्य ऋण उपकरणमार्फत आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र बैंकलाई उपलब्ध गराउनु पर्नेछ।"

२९. **मूल ऐनमा दफा ३९क. थपः** मूल ऐनको दफा ३९ पछि देहायको दफा ३९क. थपिएको छः–

"**३९क. जगेडा कोषः** (१) बैङ्कले एक साधारण जगेडा कोष स्थापना गर्नेछ। त्यस्तो कोषको रकम बैङ्कको खुद नोक्सानी व्यहोर्न र पुँजी वृद्धि गर्न प्रयोग गरिनेछ।

(२) बैङ्कको लगानी रहेको वित्तीय उपकरण, विदेशी मुद्रा, सुन र अन्य सम्पत्तिमा हुने पुनर्मूल्याङ्कन नाफा वा नोक्सानीको लेखाङ्कन गर्न बैङ्कले पुनर्मूल्याङ्कन जगेडा कोष स्थापना गर्नेछ।

(३) बैङ्कले वित्तीय क्षेत्रको स्थायित्व, वित्तीय पहुँच अभिवृद्धि, वित्तीय प्रणाली सुदृढीकरण र समग्र वित्तीय क्षेत्रको विकासको लागि कुल मौद्रिक दायित्वको पाँच प्रतिशतमा नबढ्ने गरी वित्तीय विकास कोषको स्थापना गर्नेछ।

(४) समितिको निर्णय बमोजिम बैङ्कले विशेष प्रयोजनको लागि बैङ्कको कुल मौद्रिक दायित्वको दुई प्रतिशतभन्दा बढी नहुने गरी विशेष जगेडा कोष स्थापना गर्न सक्नेछ।

(५) वित्तीय विकास कोष र विशेष जगेडा कोषको सञ्चालन तथा प्रयोग समितिले निर्धारण गरे बमोजिम हुनेछ।"

३०. **<u>मूल ऐनको दफा ४० मा संशोधनः</u>** मूल ऐनको दफा ४० को सट्टा देहायको दफा ४० राखिएको छः–

"४०. **<u>खुद आय व्यय र वितरणयोग्य आयको गणनाः</u>** (१) बैङ्कले दफा ९० बमोजिम प्रत्येक आर्थिक वर्षमा आय व्ययको हिसाब तयार गरी खुद आय व्यय र वितरणयोग्य आयको गणना गर्नेछ।

(२) बैङ्कको वितरणयोग्य आयको गणना देहाय बमोजिम गरिनेछः–

(क) खुद आयबाट पुनर्मूल्याङ्कन नाफा बराबरको रकम घटाएर सो रकम पुनर्मूल्याङ्कन सञ्चित कोषमा जम्मा गरेर र

(ख) अघिल्ला आ.व. हरूमा खुद नाफाबाट कटौती गरिएको तर चालु आ.व.मा वास्तविक रूपमा खर्च भएको पूनर्मूल्याङ्कन नाफाको रकम सम्बन्धित पुनर्मूल्याङ्कन सञ्चिति खाताबाट कटौती गरी सो रकम वितरणयोग्य आयमा थप गरेर,

(ग) प्रचलित लेखामान बमोजिम गर्नु पर्ने रकमलाई समायोजन गरेर।"

३१. **<u>मूल ऐनको दफा ४१ मा संशोधनः</u>** मूल ऐनको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छः—

"४१. **<u>वितरणयोग्य आयको विनियोजनः</u>** (१) बैङ्कले दफा ४० बमोजिमको वितरणयोग्य आयलाई देहाय बमोजिम बाँडफाँट गर्नेछः—

(क) वितरणयोग्य आयको पन्ध्र प्रतिशतमा नघट्ने गरी समितिले निर्धारण गरेको रकम साधारण जगेडा कोषमा जम्मा गर्नु पर्नेछ।

तर साधारण जगेडा कोष र चुक्ता पुँजीको योगफल कुल मौद्रिक दायित्वको पन्ध्र प्रतिशत पूरा भएमा साधारण जगेडा कोषमा थप रकम जम्मा गरिने छैन।

(ख) समितिले वितरणयोग्य आयको बढीमा पाँच प्रतिशत रकम वित्तीय विकास कोषमा जम्मा गर्न सक्नेछ।

(ग) समितिले वितरणयोग्य आयको बढीमा पाँच प्रतिशत रकम विशेष जगेडा कोषमा जम्मा गर्न सक्नेछ।

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमको रकम छुट्याएपछि वितरणयोग्य आयको बाँकी रकमबाट दफा ७५ बमोजिम आर्थिक वर्षको अन्त्यमा नेपाल सरकारले बैङ्कलाई तिर्न बाँकी रहेको कर्जा तथा ब्याज शोधभर्ना प्राप्त गरी बाँकी रहेको वितरणयोग्य आय बैङ्कले नेपाल सरकारलाई हस्तान्तरण गर्नेछ।

(२) बैङ्कको आय उपदफा (१) बमोजिम निर्धारण गरिए बाहेक अन्य तरिकाबाट वितरण गरिने छैन।"

३२. <u>मूल ऐनको दफा ४२ मा संशोधनः</u> मूल ऐनको दफा ४२ को सट्टा देहायको दफा ४२ राखिएको छः–

"४२. <u>खुद व्ययको बाँडफाँटः</u> (१) कुनै आर्थिक वर्षमा पुनर्मूल्याङ्कन नोक्सानी भएमा त्यस्तो नोक्सानीलाई पुनर्मूल्याङ्कन जगेडा हिसाबबाट व्यहोरिनेछ। पुनर्मूल्याङ्कन जगेडा कोष हिसाब शून्य भएपश्चात् त्यस्तो नोक्सानी क्रमशः चालू आर्थिक वर्षको खुद आय, साधारण जगेडा कोष र पुँजी खाता हिसाबबाट खर्च शोधभर्ना गर्नु पर्नेछ।

(२) कुनै आर्थिक वर्षमा बैङ्कले पुनर्मूल्याङ्कन नाफा वा नोक्सानी बाहेक खुद नोक्सानी व्यहोर्नु परेमा त्यस्तो नोक्सानीलाई क्रमशः साधारण जगेडा कोष र बैङ्कको पुँजी खाता हिसाबबाट व्यहोरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम बैङ्कको चुक्ता पुँजी हिसाबबाट क्रमशः पुनर्मूल्याङ्कन नोक्सानी र खुद नोक्सानी व्यहोर्नु परेको कारणबाट बैङ्कको चुक्ता पुँजी घट्न गएमा नेपाल सरकारले सो पुँजी छ महिनाभित्र पुनः कायम गर्नु पर्नेछ।"

३३. <u>मूल ऐनको दफा ४४ मा संशोधनः</u> मूल ऐनको दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छः-

"४४. <u>मौद्रिक नीतिः</u> (१) बैङ्कलाई नेपालको मौद्रिक नीति निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने पूर्ण अधिकार हुनेछ।

(२) बैङ्कको मौद्रिक नीति निर्माण, सोको घोषणा र प्रकाशन प्रत्येक आर्थिक वर्ष शुरु भएको पन्ध्र दिनभित्र गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले त्रैमासिक रुपमा मौद्रिक नीतिको पुनरावलोकन वा समीक्षा गर्न सक्नेछ।"

३४. <u>मूल ऐनको दफा ४९ मा संशोधनः</u> मूल ऐनको दफा ४९ को,—

(१) उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) पुनर्कर्जा सुविधा उपयोग गर्ने वाणिज्य बैङ्क वा वित्तीय संस्थासँग रहेको असल कर्जा,"

(२) उपदफा (२) झिकिएको छ।

(३) उपदफा (३) मा रहेका "वा (२)" भन्ने शब्दहरू झिकिएका छन्।

३५. **<u>मूल ऐनमा दफा ४९क. थपः</u>** मूल ऐनको दफा ४९ पछि देहायको दफा ४९क. थपिएको छः–

"**<u>४९क. अन्तिम ऋणदाताको रूपमा ऋण प्रदान गर्नेः</u>** (१) इजाजतपत्रप्राप्त संस्थाले उपलब्ध उपकरणको माध्यमबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकी तत्कालको दायित्व पूरा गर्न असमर्थ भई प्रणालीगत जोखिम सिर्जना हुने र बैङ्किङ्ग प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयतामा कमी आउन सक्ने जोखिम देखिएमा वित्तीय दायित्व खाम्न सक्ने क्षमता भएका वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई दफा ४९ को उपदफा (१) बमोजिमको जायजेथाको सुरक्षणमा अन्तिम ऋणदाताको रूपमा बैङ्कले ऋण प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वाणिज्य बैङ्क वा वित्तीय सस्थालाई अन्तिम ऋणदाताको रुपमा प्रदान गरिएको कर्जाको अवधि बढीमा एक सय असी दिनको हुनेछ।

(३) उपदफा १ बमोजिम अन्तिम ऋणदाताको रुपमा प्रदान गरिएको कर्जाको व्याजदर तथा अन्य शर्तहरु बैङ्कले तोकेबमोजिम हुनेछ।"

३६. **<u>मूल ऐनको दफा ५१ मा संशोधनः</u>** मूल ऐनको दफा ५१ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) बैङ्कले रुपैयाँलाई कुनै सङ्केत निर्धारण गरी प्रयोगमा ल्याउन सक्नेछ।"

३७. **<u>मूल ऐनको दफा ५२ मा संशोधनः</u>** मूल ऐनको दफा ५२ को,–

(१) उपदफा (२) को ठाउँ ठाउँमा रहेका "(मोहर, डबल र सोभन्दा बढी दरको)" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः–

"(६) च्यातिएको, मेटिएको वा झुत्रिएको नोट वा प्रयोग गर्न निषेध गरिएको डिजिटल करेन्सी बैङ्कले पुनः निष्कासन गर्ने वा चलनचल्तीमा ल्याउने छैन।"

३८. **<u>मूल ऐनको दफा ५३ मा संशोधनः</u>** मूल ऐनको दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएको छः–

"५३. **<u>बैङ्क नोट, सिक्का वा डिजिटल करेन्सी सर्वस्वीकार्य हुने</u>**: बैङ्कद्वारा कानूनी ग्राह्य बनाई नेपालभित्र निष्कासन गरिएको बैङ्क नोट, सिक्का वा डिजिटल करेन्सी सबै किसिमको सार्वजनिक वा व्यक्तिगत ऋण चुक्ता गर्न त्यस्तो नोट, सिक्का वा डिजिटल करेन्सीमा अङ्कित रकमसम्मको निमित्त सर्वस्वीकार्य हुनेछ।"

३९. **<u>मूल ऐनको दफा ५५ मा संशोधन</u>**: मूल ऐनको दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छः–

"५५. **<u>मुद्रा निष्कासन र सुरक्षा</u>**: बैङ्क नोट छाप्ने, डिजिटल करेन्सी जारी गर्ने र टकमरी गर्ने, जारी नगरिएको बैङ्क नोट, सिक्का र डिजिटल करेन्सीलाई समुचित रुपमा राखी सुरक्षा प्रदान गर्ने, चलनचल्तीमा नरहेको पुरानो बैङ्क नोट वा डिजिटल करेन्सी वा सिक्का, प्लेट र डाईलाई ऐतिहासिक अभिलेखको लागि मुद्रा सङ्ग्रहालय बनाई सुरक्षित राख्ने, प्लेट र डाई तथा उत्पादनको क्रममा प्रयोग गरिएको अन्य सामग्री, नोट र डिजिटल करेन्सी नष्ट गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

४०. **<u>मूल ऐनको दफा ५६ मा संशोधन</u>**: मूल ऐनको दफा ५६ मा रहेका "बैङ्क नोट वा सिक्कालाई" भन्ने शब्दहरूको सट्टा "बैङ्क नोट वा डिजिटल करेन्सी वा सिक्कालाई" भन्ने शब्दहरू राखिएका छन्।

४१. **<u>मूल ऐनको दफा ५७ मा संशोधन</u>**: मूल ऐनको दफा ५७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले दोहोरो भुक्तानी जान सक्ने गरी डिजाइन मेटिएको, विकृत भएको वा पचास प्रतिशतभन्दा बढी भाग नभएको बैङ्क नोट, डिजिटल करेन्सी वा खोटो मुद्रा सटही गर्न इन्कार गर्न सक्नेछ।"

४२. **<u>मूल ऐनको दफा ५९ मा संशोधन</u>**: मूल ऐनको दफा ५९ मा रहेका "कुल बैङ्क नोट" भन्ने शब्दहरुको सट्टा "कुल बैङ्क नोट वा डिजिटल करेन्सी" भन्ने शब्दहरु राखिएका छन्।

४३. **<u>मूल ऐनको दफा ६० मा संशोधन</u>**: मूल ऐनको दफा ६० को ठाउँ ठाउँमा रहेका "बैङ्क नोट" भन्ने शब्दहरूको सट्टा "बैङ्क नोट, डिजिटल करेन्सी" भन्ने शब्दहरू राखिएका छन्।

४४. **<u>मूल ऐनको दफा ६१ मा संशोधन</u>**: मूल ऐनको दफा ६१ को,-

(१) उपदफा (१) को ठाउँ ठाउँमा रहेका "बैङ्क नोट" भन्ने शब्दहरूको सट्टा "बैङ्क नोट, डिजिटल करेन्सी" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) को ठाउँ ठाउँमा रहेका "बैङ्क नोट," भन्ने शब्दहरुको सट्टा "बैङ्क नोट, डिजिटल करेन्सी," भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (३) मा रहेका "जाली नोट" भन्ने शब्दहरुको सट्टा "जाली नोट वा डिजिटल करेन्सी" भन्ने शब्दहरु राखिएका छन्।

४५. <u>मूल ऐनको दफा ७५ मा संशोधनः</u> मूल ऐनको दफा ७५ को,–

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यस दफाको अधिनमा रही बैंकले उपदफा (५) बमोजिम नेपाल सरकारलाई ओभरड्राफ्टको रूपमा ऋण प्रवाह गर्न तथा उपदफा (७) बमोजिम नेपाल सरकारले जारी गरेका ऋणपत्र खरिद गर्न सक्नेछ।"

(२) उपदफा (३) मा रहेको “विशेष” भन्ने शब्द झिकिएको छ।

(३) उपदफा (४) मा रहेका "यसरी प्रदान गरिएको कर्जाको लागि नेपाल सरकारले सो कर्जा रकम बराबरको विनिमेय ऋणपत्र जारी गरी बैङ्कलाई प्रदान गर्नेछ। त्यस्तो ऋणपत्रको भुक्तानी अवधि कर्जा अवधिलाई खाम्ने र प्रचलित ब्याज दरको हुनु पर्नेछ। यसरी बैङ्कले नेपाल सरकारलाई प्रदान गर्ने सबै कर्जाका सम्बन्धमा बैङ्क र नेपाल सरकारका बीच लिखित सम्झौता हुनेछ। उक्त लिखित सम्झौतामा कर्जाको कुल रकम वा सीमा, त्यसको शर्त, भुक्तानी अवधि, ब्याजदर तथा अय दस्तुको सम्बन्धमा सषरष्ट उल्लेख भएको हुनु पर्नेछ।" भन्ने शब्दहरु र "स्पष्टीकरण" खण्ड झिकिएको छ।

(४) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) बैङ्कले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएका संस्थालाई प्रवाह गरेको अधिविकर्ष कुनै पनि समयमा नेपाल सरकारको अघिल्लो आर्थिक वर्षको राजश्व आयको पाँच प्रतिशत भन्दा बढी हुने छैन। यस्तो राजस्व आयको गणना गर्दा ऋण सापटी, आर्थिक अनुपात वा अन्य कुनै पनि किसिमको आर्थिक सहयोग तथा सम्पत्ति विक्रीबाट भएको आर्जन समावेश हुने छैन। यस्तो अधिविकर्षलाई नेपाल सरकारबाट जारी भएको Negotiable Debt ऋणपत्रको रुपमा प्रमाणित गरी बैंकलाई बुझाउनुपर्नेछ। ऋणपत्रको अवधि अधिविकर्षको अवधि बराबर र ब्याजदर बैंङ्क दर बराबर हुनुपर्छ। नेपाल सरकार र बैंकबीच लिखित सम्झौता गरी उक्त सम्झौतामा अधिविकर्षको मूलधन रकम, परिपक्वता अवधि, ब्याज दर तथा अन्य शुल्कहरू उल्लेख हुनुपर्नेछ।

मस्यौदा

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "Negotiable Debt ऋणपत्र" भन्नाले ऋणपत्रको रुपमा नेपाल सरकारबाट जारी भएको "Promissory Note" लाइ जनाउछ।

(५) उपदफा (छ) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) उपदफा (५) बमोजिमको अधिविकर्षको भुक्तानी नेपाल सरकारले एक सय असी दिनभित्र प्रचलित बजार ब्याजदरमा नगद वा बजारयोग्य ऋणपत्र मार्फत गर्नु पर्नेछ। यस्तो बजारयोग्य ऋणपत्रको अवधि एक सय असी दिन भन्दा बढि हुने छैन"

(६) उपदफा (७) मा रहेका "अघिल्लो आर्थिक वर्षको" भन्ने शब्दहरुको सट्टा "विगत तीन आर्थिक वर्षको औषत" भन्ने शब्दहरु राखिएका छन्।

(७) (४) उपदफा (८) को खण्ड (ख) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः–

"तर, यस खण्ड बमोजिम प्राथमिक निष्काशनको समयमा बैङ्कबाट खरिद गरिने ऋणपत्रको अधिकतम रकम अघिल्लो तीन आर्थिक बर्षको औषत राजस्व आयको पाँच प्रतिशत भन्दा बढी हुने छैन।"

४६. **मूल ऐनको दफा ७९ मा संशोधनः** मूल ऐनको दफा ७९ को उपदफा (५) पछि देहायका उपदफा (६), (७) र (८) थपिएका छन्ः–

"(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निक्षेप सङ्कलन गर्ने वा नगर्ने गरी प्रचलित कानून बमोजिम स्थापित वित्तीय कारोबार गर्ने संस्थाको बैङ्कले नियमन तथा सुपरिवेक्षण गर्नेछ।

(७) उपदफा (६) बमोजिम नियमन तथा सुपरिवेक्षण गर्ने सम्बन्धमा बैङ्कले आवश्यक देखेका विषयमा नियम तथा विनियम बनाउन र आवश्यक आदेश, निर्देशन तथा सूचना जारी गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम जारी भएको नियम, विनियम, आदेश, निर्देशन तथा सूचनाको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।"

४७. **मूल ऐनको दफा ८४ मा संशोधनः** मूल ऐनको दफा ८४ को,-

(१) उपदफा (२) पछि देहायका उपदफा (२क), (२ख) र (२ग) थपिएका छन्ः–

"(२क) बैङ्कले इजाजतपत्रप्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्था वा निक्षेप सङ्कलन गर्ने वा नगर्ने गरी प्रचलित कानून बमोजिम स्थापित वित्तीय कारोबार गर्ने संस्था वा वाणिज्य बैङ्क वा वित्तीय संस्थाको स्वदेश वा विदेशस्थित सहायक कम्पनी वा त्यस्तो इजाजतपत्रप्राप्त वाणिज्य बैङ्क वा

वित्तीय संस्था वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सहायक कम्पनीमा प्रत्यक्ष वित्तीय स्वार्थ रहेको सम्बद्ध व्यक्ति, फर्म, कम्पनी वा संस्थाको समष्टिगत निरीक्षण तथा सुपरिवेक्षण गर्नेछ।

(२ख) बैङ्कले निरीक्षण तथा सुपरिवेक्षण गर्न अन्य नियामक निकायसँग सम्झौता गरी आवश्यक सूचना तथा वित्तीय विवरण आदानप्रदान गर्न सक्नेछ।

(२ग) बैङ्कबाट इजाजतपत्रप्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्था वा निक्षेप सङ्कलन गर्ने वा नगर्ने गरी प्रचलित कानून बमोजिम स्थापित वित्तीय कारोबार गर्ने संस्था वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था, त्यस्तो संस्था, वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सहायक कम्पनी तथा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सहायक कम्पनीमा रहेको सम्बद्ध व्यक्तिको समष्टिगत निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी अन्य व्यवस्था बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ।"

(२) उपदफा (३) मा रहेका "उपदफा (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (२), (२क), (२ख) र (२ग) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

४८. **मूल ऐनको दफा ८६क. मा संशोधनः** मूल ऐनको दफा ८६क. को सट्टा देहायको दफा ८६क. राखिएको छः-

"**८६क. वाणिज्य बैङ्क वा वित्तीय संस्थाले बैङ्कलाई जानकारी गराउनु पर्नेः** (१) बैङ्कले एकल वा सामुहिकरूपमा दफा ८६ख. बमोजिम समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई वित्तीय संकटको अवस्थामा शीघ्र सुधार गर्न संचालक समितिबाट कार्ययोजना स्वीकृत गराई आवधिकरूपमा बैङ्कसमक्ष पेश गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजनामा समावेश गर्नुपर्ने आवश्यक विषयहरू बैङ्कले तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजना कार्यान्वयनमा कुनै बाधा परेमा बैङ्कले सो बाधा अडकाउ फुकाउन आवश्यक निर्देशन दिन सक्नेछ।

(४) वाणिज्य बैंक वा वित्तीय संस्था प्रचलित कानून बमोजिम दामासाही वा खारेजीमा पर्ने अवस्था भएमा वा त्यस्तो बैङ्क वा वित्तीय संस्थाले भुक्तानी गर्नु पर्ने कुनै रकम भुक्तानी गर्न नसक्ने वा पूरा गर्नु पर्ने कुनै वा सबै दायित्व पूरा गर्न

उल्लेखनीय रूपमा (म्याटेरियल्ली) असमर्थ भएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाले सोको जानकारी बैङ्कलाई तत्काल गराउनु पर्नेछ।"

४९. **मूल ऐनको दफा ८६ख. मा संशोधनः** मूल ऐनको दफा ८६ख. को,-

(१) "..कुनै पनि तवरबाट कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा देहायको कुनै अवस्था विद्यमान रहेको" भन्ने शब्दहरू पछि "वा हुन सक्ने" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (ग) झिकिएको छ।

(३) खण्ड (च) मा रहेको "..न्यूनतम पूँजी कोष कायम गर्न नसकेमा" भन्ने शब्दहरू पछि "वा गर्न नसक्ने कुरामा बैङ्क विश्वस्त भएमा," भन्ने शब्दहरू थपिएका छन्।

(४) खण्ड (छ) झिकिएको छ।

(५) खण्ड (ज) मा भएको "..काम कर्तव्यमा प्रतिकुल असर पार्ने अवस्था विद्यमान भएको" भन्ने शब्दहरू पछि "वा हुन सक्ने" भन्ने शब्दहरू थपिएका छन्।

५०. **मूल ऐनको दफा ८६ग. मा संशोधनः** मूल ऐनको दफा ८६ग. को,-

(१) उपदफा (१) मा रहेको ".... अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्न शब्दहरू पछि "वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पुनर्संरचना गर्न" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (१) को खण्ड (ख) मा रहेको "...अन्य अधिकारहरु आवश्यकता अनुसार" भन्ने शब्दहरू पछि "समस्याग्रस्त अवस्था रहेसम्म" भन्ने शब्दहरू थपिएका छन्।

(३) उपदफा (१) को खण्ड (च) मा रहेको "प्रतिबन्ध लगाउने वा सोको" भन्ने शब्दावली झिकिएको छ।

(४) उपदफा (१) को खण्ड (ट) मा रहेको "खास अवधि" भन्ने शब्दहरूको सट्टा "बैङ्कले तोकेको अवधि" भन्ने शब्दहरू राखिएका छन्। "रोक लगाउने" भन्ने शब्दावलीको अगाडी रहेको "गर्न" भन्ने शब्द झिकिएको छ।

(५) उपदफा (५) मा रहेको "दुई वर्ष" भन्ने शब्दहरूको सट्टा "एक वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

५१. **मूल ऐनको दफा ८६घ. मा संशोधनः** मूल ऐनको दफा ८६घ. को उपदफा (१) मा रहेको "दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिमको आदेश दिई" भन्ने शब्दहरू पछि "पुनर्संचालन गर्ने उद्देश्यले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पुनर्संरचना गर्न" भन्ने शब्दहरू थपिएका छन्।

५२. **मूल ऐनको दफा ८६ङ. मा संशोधनः** मूल ऐनको दफा ८६ङ. को उपदफा (१) को

खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्थामा गाभ्ने,"।

५३. **<u>मूल ऐनको दफा ८६च. मा संशोधनः</u>** मूल ऐनको दफा ८६च. को उपदफा (२) मा रहेको "राम्रो सँग सञ्चालन" भन्ने शब्दहरूको सट्टा "पुनर्संरचना मार्फत पुनर्सञ्चालन सञ्चालन" भन्ने शब्दहरू राखिएका छन्।

५४. **<u>मूल ऐनको दफा ८८ मा संशोधनः</u>** मूल ऐनको दफा ८८ को,-

(१) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) ऋणीको क्रेडिट स्कोरिङ गर्न,"

(३) उपदफा (१) को खण्ड (च) मा रहेको "बैङ्कलाई प्रतिवेदन पेश गर्न" भन्ने शब्दहरू पछि "र बैङ्कले तोकेको कर्जा सूचनासम्बन्धी अन्य कार्य गर्न" भन्ने शब्दहरू थपिएका छन्।

५५. **<u>मूल ऐनको दफा ८८क. मा संशोधनः</u>** मूल ऐनको दफा ८८क. को सट्टा देहायको दफा ८८क. राखिएको छः-

"<u>८८क. फरफारखको कार्य गर्न सक्ने बैङ्कको अधिकारः</u> (१) बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको मूल्याङ्कन गर्दा मनासिब समय सीमाभित्र सुधार गर्न सकिने नदेखेमा देहायको कुनै अवस्थामा वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिई फरफारखको कार्य अगाडि बढाउन सक्नेछः-

(क) पूर्ण वा आंशिक रुपमा आफ्नो दायित्व भुक्तानी गर्न नसकेमा वा त्यस्तो भुक्तानी गर्न नसक्ने कुरामा बैङ्क विश्वस्त भएमा,

(ख) सुपरिवेक्षकीय विश्लेषणका आधारमा भुक्तानी गर्नुपर्ने दायित्वहरु पुरा गर्न नसक्ने अवस्था भएमा,

(ग) खुद सम्पत्ति भन्दा दायित्व बढी भएमा वा बढी हुन सक्ने देखिएमा,

(घ) बैङ्कले तोकेका सबै प्रकारका पूँजी तथा कोषहरुले समेत खाम्न नसक्ने गरी घाटामा गएमा,

(ङ) बैङ्कले दफा ८६छ. बमोजिम फरफारखको प्रक्रियामा लैजाने निर्णय गरेमा,

(च) प्रचलित कानून बमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजी वा दामासाहीको प्रक्रिया प्रारम्भ भएमा वा दामासाहीमा पर्न सक्ने कुरामा बैङ्क विश्वस्त भएमा।

मस्यौदा

(२) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था उपर रहेको निक्षेपकर्ता तथा सुरक्षित साहुको दाबीलाई फरफारख गर्ने गराउने अधिकार बैङ्कलाई मात्र हुनेछ ।

(३) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारख सम्बन्धी कार्य गर्दा लागेको सम्पूर्ण खर्च सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति बिक्री गरी प्राप्त रकमबाट व्यहोरिने छ।

(४) उपदफा (१) बमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारख गर्दा बैङ्कले देहायको उद्देश्य राख्नेछः-

(क) वित्तीय स्थायित्वको लागि वाणिज्य बैंक वा वित्तीय संस्थाको अपरिहार्य कार्य सञ्चालन गर्ने,

(ख) निक्षेपकर्तालाई कानूनले संरक्षण प्रदान गरेको हदसम्म संरक्षण प्रदान गर्ने,

(ग) फरफारखको खर्च न्यूनतम गर्ने।

<u>स्पष्टीकरणः-</u> यस उपदफाको प्रयोजनको लागि "अपरिहार्य कार्य" भन्नाले आर्थिक वा वित्तीय स्थायित्वमा अवरोध हुन नदिन वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सेवा वा व्यवसायिक क्रियाकलाप लगायतका कार्य सम्झनुपर्छ।

(५) उपदफा (१) बमोजिम फरफारख गर्दा उपदफा (४) बमोजिमको उद्देश्य अनुसार हुने गरी मितव्ययी, पारदर्शी एवम् जवाफदही रुपमा फरफारख गर्नुपर्नेछ। यस्तो फरफारख सम्बन्धी खर्च शेयरधनीको शेयर स्वामित्वबाट व्यहोरिनेछ। शेयरधनीको स्वामित्व रकमबाट अपुग भएमा फरफारख सम्बन्धी खर्च असुरक्षित तथा अबीमित साहुको खर्चबाट व्यहोर्नु पर्नेछ।

(६) यस दफा बमोजिम बैङ्कले फरफारख गर्दा देखापरेको बाधा अड्चन तथा सोको निरुपणसम्बन्धी विस्तृत मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्नेछ।

(७) फरफारख सम्बन्धी कार्ययोजना, मूल्याङ्कन एवम् बाधा अड्चन फुकाउनेसम्बन्धी व्यवस्था बैङ्कले तोकेबमोजिम हुनेछ।"

५६. <u>मूल ऐनमा दफा ८८क१. थपः</u> मूल ऐनको दफा ८८क. पछि देहायको दफा ८८क१. थपिएको छः–

"८८क१. <u>बैङ्कले विवरण राख्न वा राख्न लगाउन सक्नेः</u> बैङ्कले एकीकृत र केन्द्रीकृत ग्राहक पहिचान, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्यमा संलग्न भएको व्यक्ति, फर्म, कम्पनी वा सङ्गठित संस्थाको

सम्बन्धमा नेपाल सरकार तथा संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्बाट पारित निर्णय बमोजिम सूचीकृत भएको व्यक्ति, समूह वा सङ्गठनको सूचीको अभिलेख, खाता रोक्का तथा उच्च पदस्थ अधिकारी लगायत वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सुशासनसँग सम्बन्धित एकीकृत विवरण राख्ने वा कुनै संस्थालाई राख्न लगाउन सक्नेछ।"

५७. **मूल ऐनको दफा ८८ख. मा संशोधनः** मूल ऐनको दफा ८८ख. मा उपदफा (५) पछि देहायको उपदफा (६) र उपदफा (७) थपिएको छ।

"(६) विशेष प्रशासन समूहले सम्पादन गर्ने कामकारवाही बैङ्कले तोकेबमोजिम हुनेछ। यस्तो कामकारवाहीको अनुगमन बैकले नियमित रूपमा गर्नेछ।

(७) बैङ्कले दिएको निर्देशनको पालना गर्नु विशेष प्रशासन समूहको कर्तव्य हुनेछ।"

५८. **मूल ऐनको दफा ८८ग. मा संशोधनः** मूल ऐनको दफा ८८ग. को,-

(१) उपदफा (१) मा भएको "गर्न पाउने" भन्ने शब्दहरूको सट्टा "गर्ने" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) को खण्ड (क) मा भएको " शेयर नयाँ व्यक्तिलाई बिक्री गर्ने" भन्ने शब्दहरू पछि "वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति र दायित्व पूर्ण वा आंशिक रुपमा अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्था वा अन्य कुनै संस्थालाई तोकिए बमोजिम हस्तान्तरण गर्ने गराउने " भन्ने शब्दहरू थपिएका छन्।

(३) उपदफा (३) को खण्ड (ग) मा भएको "सम्पत्ति वा दायित्व" शब्दहरू पछि "पूर्ण वा आंशिक रुपमा" भन्ने शब्दहरू थपिएका छन्।

(४) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) विशेष प्रशासन समूहले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारख गर्दा त्यस्ता वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजी हुँदा प्राप्त हुने सुविधा भन्दा न्यूनतम नहुने गरी फरफारख गर्नुपर्नेछ।"

(५) उपदफा (७) मा रहेको "विशेष प्रशासन समूहलाई" भन्ने शब्दहरू भन्दा अगाडी "दफा ८६ख. को अधिनमा रही" भन्ने शब्दहरू थपिएका छन्।

(६) उपदफा (१२) मा रहेको "तोकिए बमोजिम" भन्ने शब्दहरू पछि "आवश्यक स्वीकृतिको लागि" भन्ने शब्दहरू थपिएका छन्।

५९. मूल ऐनको दफा ८८घ. मा संशोधनः मूल ऐनको दफा ८८घ. को उपदफा (४) मा देहाय को प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर, यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रशासन समूहले फरफारख प्रक्रिया शुरु गरेको कारणले मात्र कुनै प्राकृतिक वा कानूनी व्यक्तिले वाणिज्य बैङ्क, वित्तीय संस्थासँग साविकमा गरेको करार सम्झौता स्वतः समाप्त हुने छैन।"

६०. मूल ऐनको दफा ८६छ. मा संशोधनः मूल ऐनको दफा ८६छ. को सट्टा देहायको दफा ८६छ. राखिएको छः-

"**८८छ. वाणिज्य बैङ्क वा वित्तीय संस्थाको वित्तीय स्थिति सुधारको लागि सिफारिस गर्न सक्नेः** (१) यस परिच्छेद बमोजिम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्बन्धमा शुरु भएको फरफारखको प्रक्रिया सम्पन्न गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असरपर्ने देखिएमा विशेष प्रशासन समूहले सोही व्यहोरा उल्लेख गरी सो अवस्था सिर्जना हुन नदिनका लागि त्यस्तो संस्थाको सम्पत्ति तथा दायित्वको अवस्था समेत समावेश गरी भविष्यमा चाल्नुपर्ने कदम सहितको प्रतिवेदन तयार गरी बैङ्क समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि बैङ्कले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारख गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असर पर्ने देखिन आएमा र नेपाल सरकारले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थामा फरफारकको लागि अल्पकालीन वित्तीय लगानी गर्दा वित्तीय स्थिति सुधार हुन सक्ने अवस्था देखिएमा बैङ्कले आफ्नो राय सहित सोही व्यहोरा नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२क) उपदफा (२) बमोजिम सिफारिस भई आएमा नेपाल सरकारले सो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई त्यस्तो लगानी गर्न सक्नेछ।

(२ख) उपदफा (२) को प्रयोजनको लागि बैङ्कले फरफारक प्रक्रियामा रहेका वाणिज्य बैङ्क वा वित्तीय संस्था वा त्यस्ता वाणिज्य बैङ्क वा वित्तीय संस्थाका प्राप्तकर्ता (अक्वायरर) वा दफा ८८ज. बमोजिमका पुल संस्था (ब्रीज इन्स्टिच्यूसन) लाई कर्जा वा जमानत दिन, वाणिज्य बैङ्क वा वित्तीय संस्था वा पुल संस्थामा लगानी गर्न वा ऋण उपकरणको खरिद मार्फत वाणिज्य बैङ्क

वा वित्तीय संस्थाको स्रोत सकिएपछि अल्पकालीन वित्तीय सहयोग गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिम बैङ्कको सिफारिसमा नेपाल सरकारले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था वा पुल संस्था (ब्रीज इन्ष्टिच्यूसन) मा लगानी गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था वा पुल संस्था (ब्रीज इन्ष्टिच्यूसन) मा लगानी गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था वा पुल संस्था (ब्रीज इन्ष्टिच्यूसन) को वित्तीय स्थिति सुधार भएमा त्यस्तो सुधारका लागि प्रदान गरिएका सुविधाको अन्त्य गर्ने तथा सुधार भएको मितिले बढीमा पाँच वर्षभित्र बोलकबोलको माध्यमद्वारा नेपाल सरकारले आफ्नो लगानी भएको रकम निजी क्षेत्रलाई बिक्री गरी उठाउनु पर्नेछ।"

६१. **<u>मूल ऐनको दफा ८८ज. मा संशोधनः</u>** मूल ऐनको दफा ८८ज. को,-

(१) उपदफा (४) मा रहेको "पुल संस्था" शब्दहरू पछि "(ब्रीज इन्ष्टिच्यूसन)" र "वा एकाइको" भन्ने शब्दहरू पछि "संस्थापना, अनुमतिपत्र," भन्ने शब्दहरू थपिएका छन्।

६२. **<u>मूल ऐनको दफा ८८झ. मा संशोधनः</u>** मूल ऐनको दफा ८८झ. को,-

(१) उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ), खण्ड (च), खण्ड (छ) र खण्ड (ज) थपिएका छन्-

"(ङ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र बैङ्कलाई तिर्नुपर्ने रकम,

(च) अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई तिर्नुपर्ने बक्यौता रकम,

(छ) अन्य साहुहरू र अन्य दाबीहरूको लागि भुक्तानी योग्य रकम,

(ज) प्रचलित कानून बमोजिमका शेयरधनीहरूले प्राप्त गर्ने भुक्तानी।"

६३. **<u>मूल ऐनको दफा ८८ञ. मा संशोधनः</u>** मूल ऐनको दफा ८८ञ.को,-

(१) उपदफा (१) मा भएको "कुनै पनि कार्य" शब्दहरू पछि "विशेष प्रशासन समूहले निर्धारण गरेको निश्चित समयको लागि" भन्ने शब्दहरू थपिएका छन्।

६४. **मूल ऐनको दफा ८८ट. मा संशोधनः** मूल ऐनको दफा ८८ट. को सट्टा देहायको दफा ८८ट. राखिएको छः-

"**८८ट. फरफारख सम्बन्धी कारबाही प्रारम्भ हुनुभन्दा पहिलेका कारबाही निष्क्रिय हुनेः** (१) बैङ्कले तोकेको समयावधिको लागि देहायको अवस्थामा विशेष प्रशासन समूहले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्तिमा प्रभाव पार्ने कारोबार वा तेस्रो पक्षसँग सम्बन्धित हस्तान्तरणलाई निष्क्रिय गर्न सक्नेछः-

(क) फरफारखको प्रक्रिया शुरु हुनुअगावै सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाका निक्षेपकर्ता वा साहुको हित विपरीत हुने गरी गरेका कारोबार वा सम्झौताहरु,

(ख) फरफारखको प्रक्रिया शुरु भएको मितिले पाँच वर्ष अगाडिसम्म कुनै शेयरधनी, सञ्चालक, पदाधिकारी वा तिनका नातेदारहरुलाई वाणिज्य बैङ्क वा वित्तीय संस्थाले बिना मूल्य गरेका कुनै पनि हस्तान्तरणहरु,

(ग) फरफारखको प्रक्रिया शुरु भएको मितिले तीन वर्ष अगाडिसम्म कुनै तेस्रो पक्षलाई वाणिज्य बैङ्क वा वित्तीय संस्थाले बिना मूल्य गरेका कुनै पनि हस्तान्तरणहरु,

(घ) फरफारखको प्रक्रिया शुरु भएको मितिले तीन वर्ष अगाडिसम्म वाणिज्य बैङ्क वा वित्तीय संस्थाले तुलनात्मक रुपमा कम प्रतिफल प्राप्त गर्ने वा अर्को पक्षलाई बढी प्रतिफल दिने किसिमले सम्पन्न गरेका कारोबारहरु,

(ङ) फरफारखको प्रक्रिया शुरु भएको मितिले पाँच वर्ष अगाडिसम्म वाणिज्य बैङ्क वा वित्तीय संस्थाका निक्षेपकर्ताको हित विपरीत हुने वा अधिकार हनन् हुने गरी गरिएको कुनै कार्य,

मस्यौदा

(च) फरफारखको प्रक्रिया शुरु भएको मितिले छ महिना अगाडिसम्म सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले भुक्तानी गर्नुपर्ने कर्जा बापत कुनै व्यक्तिलाई फाईदा पुऱ्याउने उद्देश्यले वा खारेजीको प्रक्रियामा साहुले प्राप्त गर्ने रकम बढाउने उद्देश्यले निजको नाममा भएको सम्पत्ति हस्तान्तरण।

तर प्रति निक्षेप बीमा र सुरक्षणले खामेसम्मको रकम ननाघ्ने गरी गरिएको निक्षेप बापतको भुक्तानीका सम्बन्धमा यो खण्डको व्यवस्था आकर्षित हुने छैन।

(२) विशेष प्रशासन समूहले फरफारखको प्रक्रिया शुरु भएको मितिले एक वर्ष अगाडिसम्म वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा निजका नजिकको नातेदारसँग संस्थाको निक्षेपकर्ता तथा साहुको हित विपरीत हुने गरी गरिएका कारोबार बदर गर्न वा तिनीहरुबाट सो बापतको रकम असूल गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले आफ्नो सामान्य कारोबारको सिलसिलामा गरेका वा उचित र पर्याप्त मूल्य आदान प्रदान भएका वा त्यस्तो संस्था फरफारखमा जानु अगाडिसम्म भुक्तानी नभएका कारोबारलाई विशेष प्रशासन समूहले बदर गर्ने छैन।

(४) उपदफा (१) र (२) बमोजिम बदर गरिएका कारोबार वा हस्तान्तरणबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिले त्यस्तो सम्पत्ति अविलम्ब फिर्ता गर्नु पर्नेछ। सम्पत्ति प्राप्त गर्ने व्यक्तिसँग त्यस्तो सम्पत्ति नरहेको अवस्थामा सो सम्पत्तिको मूल्य बराबरको रकम सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थामा जम्मा गर्नु पर्नेछ। कुनै गलत मनसायले त्यस्तो कारोबार गर्ने तथा कारोवार बदर भएपछि सम्पत्ति वा सो बराबरको मूल्य सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थामा अविलम्ब फिर्ता नगर्ने व्यक्तिको हकमा निज उपर सुरक्षित साहू सरह दाबी कायम रहनेछ।

(५) विशेष प्रशासन समूहले सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाबाट अस्वभाविक रूपले कम मुल्यमा कुनै व्यक्तिलाई हस्तान्तरण भई त्यस्तो व्यक्तिबाट समेत तेस्रो पक्षमा हस्तान्तरण भएको कुनै सम्पत्तिको हकमा सोको लागत मूल्य दिई फिर्ता लिन सक्नेछ।

(६) विशेष प्रशासन समूहले फरफारखको प्रक्रिया सञ्चालन गर्दा कुनै पनि किसिमको चल अचल सम्पत्ति वा हक हस्तान्तरण गर्न सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ। यसरी विशेष प्रशासन समूहले लेखी पठाएकोमा सम्बन्धित निकायले त्यस्तो चल अचल सम्पत्ति वा हक सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नाममा दाखिल खारेज वा हस्तान्तरण गरिदिनु पर्नेछ ।

(७) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा फरफारखको लागि विशेष प्रशासन समूह गठन भई प्रक्रियामा रहेको अवस्थामा कसैले प्रदान गरिरहेको विद्युत, पानी, टेलिफोन, तथ्याङ्क, सूचना प्रविधि, भुक्तानी तथा फर्स्यौट, घरजग्गा, सवारी साधन जस्ता अन्य वस्तु तथा सेवा; सो वस्तु तथा सेवा बापतको रकम प्राप्त नगरेको वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था फरफारकको प्रक्रियामा रहेको कारणले मात्र; बन्द गर्न गराउन पाइनेछैन।

(८) उपदफा (७) बमोजिमको वस्तु तथा सेवाको भुक्तानीको हकमा विशेष प्रशासन समूहले फरफारखको प्रक्रियामा जानु अघि कायम रहेको वक्यौता रकम सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी गर्नु पर्नेछ।"

६५. **मूल ऐनको दफा ८८ठ. मा संशोधनः** मूल ऐनको दफा ८८ठ. को सट्टा देहायको दफा ८८ठ. राखिएको छः-

"८८ठ. फरफारख सम्बन्धी अन्य व्यवस्थाः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि फरफारखको प्रक्रियामा रहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थासँग सम्बन्धित सबै दाबीहरुका सम्बन्धमा यसै ऐन बमोजिम हुनेछ।

(२) विशेष प्रशासन समूहको पहुँच र नियन्त्रणको अधिकारमा कसैले बाधा अवरोध, दखल वा हस्तक्षेप गर्नु गराउनु हुँदैन। कसैले त्यस्तो कार्य गरे गराएमा विशेष प्रशासन समूहले सम्बन्धित प्रशासन वा प्रहरीलाई आवश्यक सहयोगको लागि अनुरोध गर्न सक्नेछ। त्यसरी अनुरोध भई आएमा सम्बन्धित निकायले आवश्यक सुरक्षाको व्यवस्था गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कार्यालय, सम्पत्ति, अभिलेख, बहिखाता र सूचना प्रविधि प्रणाली माथि विशेष प्रशासन समूहको पहुँच र नियन्त्रण कायम गर्न सहयोग गर्नु पर्नेछ।

(३) यस परिच्छेद बमोजिम विशेष प्रशासन समूह वा बैङ्कले गरेको काम कारवाहीमा मर्कापर्ने कुनै पक्षले क्षतिपूर्तिको लागि विशेष प्रशासन समूहले बैङ्कमा प्रतिवेदन पेश गरेको वा कुनै कारणले विशेष प्रशासन समूह विघटन भएकोमा विघटन भएको मितिले साठी दिनभित्र अदालत समक्ष निवेदन दिन सक्नेछ ।

तर, फरफारखको प्रक्रिया चलिरहेको वा टुङ्गो नलागेको विषयमा निलम्बन, परिमार्जन, खारेज वा रद्द गर्ने गरी निवेदन दिन सकिने छैन।

(४) देहायको अवस्थामा दफा ८८ग. को उपदफा (५क) बमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजी हुँदा प्राप्त हुने सुविधा भन्दा फरफारख गर्दा प्राप्त हुने सुविधा न्यूनतम भएमा मर्का पर्ने पक्षले मनासिब माफिकको आर्थिक क्षतिपूर्तिको लागि अदालत समक्ष निवेदन दिन सक्नेछः-

(क) फरफारखको क्रममा अधिकार क्षेत्र नाघी गरेको कुनै काम कारवाही भएकोमा,

(ख) यस ऐन बमोजिम फरफारखको प्रक्रिया पूरा नगरेकोमा,

(ग) फरफारखको कारबाही गर्दा पर्याप्त आधार र कारण बिना गरेकोमा।

(५) विशेष प्रशासन समूहले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा पारदर्शी एवं न्यायोचित तवरले सम्बन्धित निक्षेपकर्ता तथा अन्य दाबीकर्ताको हित हुने गरी गर्नु पर्नेछ।

(६) फरफारखको प्रक्रियाको सिलसिलामा बैङ्क वा विशेष प्रशासन समूहको प्रतिनिधित्व गर्ने वा निजलाई सहयोग गर्ने व्यक्तिले प्राप्त गर्ने पारिश्रमिक तथा सुविधा बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) फरफारखको प्रक्रियालाई सहयोग पुग्ने गरी बैङ्क वा विशेष प्रशासन समूहको निर्णय कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सञ्चालक तथा पदाधिकारीले गरेको कुनै कार्यका विरुद्धमा कुनै निक्षेपकर्ता, शेयरधनी वा साहुले कुनै किसिमको मुद्दा मामिला गर्न पाउने छैन।

(८) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारख प्रक्रियाको सम्बन्धमा सो

संस्थासँग सम्बन्धित सूचना एवं विवरणहरु कुनै सरकारी वा निजी क्षेत्रको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट प्राप्त गर्न सक्नेछ। बैङ्कले आदेश दिएमा कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको मुख्य व्यवस्थापकीय सूचना, प्रविधि रहने स्थान तथा सो संस्थाले गर्ने संवेदनशील एवं मुख्य कार्य सहितको विवरण बैङ्क समक्ष पेश गर्नु पर्नेछ। त्यसरी बैङ्कले मागेको कुनै पनि सूचना प्रदान गर्नु सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कर्तव्य हुनेछ।"

६६. **मूल ऐनको दफा ८८ण. मा संशोधनः** मूल ऐनको दफा ८८ण. को उपदफा (१) सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) बैङ्कले कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सम्बन्धमा शुरु गरेको फरफारखको प्रक्रिया समाप्त भएमा वा अन्य कुनै कारणले सो प्रक्रिया सम्पन्न नहुँदै सो सम्बन्धमा विशेष प्रशासन समूहले दिएको सुझाव वा अन्य आधारमा समेत त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था पुनर्संरचनामार्फत पुनर्सञ्चालन हुन नसक्ने भन्ने कुरामा बैङ्क विश्वस्त भएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई खारेज गर्नका लागि वाणिज्य बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम अदालत समक्ष निवेदन दिन सक्नेछ।"

६७. **मूल ऐनको दफा ९१ मा संशोधनः** मूल ऐनको दफा ९१ झिकिएको छ।

६८. **मूल ऐनको दफा ९२ मा संशोधनः** मूल ऐनको दफा ९२ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः—

"(१क) उपदफा (१) बमोजिम महालेखा परीक्षकले बैङ्कको लेखापरीक्षण गर्दा लेखापरीक्षण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही केन्द्रीय बैङ्कको लेखापरीक्षणको अनुभव रहेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त लेखापरीक्षकको सहयोग लिन सक्नेछ।"

६९. **मूल ऐनको दफा ९३ मा संशोधनः** मूल ऐनको दफा ९३ को सट्टा देहायको दफा ९३ राखिएको छः-

"**९३. बैङ्कका कार्यको प्रतिवेदनः** (१) बैङ्कले प्रत्येक आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वार्षिक वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गराउने तथा प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र मासिक वासलात तयार गरी प्रकाशन गर्नेछ।

(२) बैङ्कले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र बैङ्कको लेखापरीक्षण गरिएको वित्तीय विवरण र आर्थिक तथा वित्तीय अवस्था समावेश भएको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्नुपर्नेछ।"

७०. <u>**मूल ऐनको दफा १०४ मा संशोधनः**</u> मूल ऐनको दफा १०४ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन्।

७१. <u>**मूल ऐनको दफा १०६ग. मा संशोधनः**</u> मूल ऐनको दफा १०६ग. मा रहेको व्यवस्था झिकिएको छ।

७२. <u>**मूल ऐनको दफा १०७ मा संशोधनः**</u> मूल ऐनको दफा १०७ को सट्टा देहायको दफा १०७ राखिएको छः-

<u>**"१०७. असल नियतले गरेको काममा जवाफदेही हुन नपर्नेः**</u> (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन बमोजिम असल नियतले गरेको वा नगरेको कुनै काम कारबाहीको सम्बन्धमा गभर्नर, डेपुटी गभर्नर, सञ्चालक वा बैङ्कका कर्मचारी वा विशेष प्रशासन समूह वा बैङ्कले नियुक्त गरेको प्रतिनिधि वा एजेन्ट व्यक्तिगत वा सामुहिक रुपले जवाफदेही हुने छैनन् ।

तर जानाजान वा गलत मनसायबाट गरे वा नगरेको कुनै कामको सन्दर्भमा भने निजहरु व्यक्तिगत रुपमा जिम्मेवार हुनेछन्।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशनको पालना गर्नको निमित्त असल नियतले गरे वा नगरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि नोक्सानीको सम्बन्धमा गभर्नर, डेपुटी गभर्नर, सञ्चालक वा बैङ्कका कुनै अधिकृत वा कर्मचारी वा बैङ्कले नियुक्त गरेको प्रतिनिधि वा एजेन्ट विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च बैङ्कले व्यहोर्नेछ।

तर जानाजान वा गलत मनसायबाट गरे वा नगरेको कुनै कामको सन्दर्भमा परेको मुद्दाको खर्च बैङ्कले व्यहोर्ने छैन।"

७३. <u>मूल ऐनको दफा ११० मा संशोधनः</u> मूल ऐनको दफा ११० को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

"(१) नेपाल सरकारसँग भएको सम्झौता बमोजिम बैंकले देहायका विषयमा आवश्यक नियम बनाउन सक्नेछः"

(२) उपदफा (१) को खण्ड (घ) झिकिएको छ।

७४. <u>रूपान्तरः</u> ऐनको ठाउँ ठाउँमा रहेको "बैंक वा वित्तीय संस्था" भन्ने शब्दको सट्टा "वाणिज्य बैंक वा वित्तीय संस्था" भन्ने शब्द राखी रूपान्तर गरिएको छ।

मस्यौदा